श्री
बारा जिल्ला अदालत

# कपडाको लेडिज सानो हेण्ड ब्याग समेत लिलाम बिक्री गर्ने सम्बन्धी जरुरी सुचना

## प्रथम पटक सुचना प्रकाशन मिति २०७७।०६।२७

विभिन्न मुद्दामा दशी स्वरुप दाखिल हुन आई यस अदालतमा जिन्सीमा आम्दानी बाँधिएका निम्न कपडाको लेडिज सानो हेण्ड ब्याग समेत जे जस्तो अवस्थामा छन सोही अवस्थामा जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ (९) आर्थिक ऐन नियम समेत बमोजिम डाँक बढावढ द्वारा एकमुष्ट लिलाम बिक्री गरिने भएकोले मिति २०७७।६।२२ गतेको निर्णय र मिति २०७७।६।२६ को मुल्याङ्कन समितिको निर्णयानुसार ईच्छुक व्यक्ति तथा फर्महरुबाट देहायका शर्तहरुको अधिनमा रही डाँक बढाबढको लागी अह्वान गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

### जिन्सी सामानहरुको विवरण

| जिन्सी ल नं. | मुद्दा नं. | मुद्दा | दर्ता मिति | पक्ष विपक्ष | जिन्सी समानको विवरण | संख्या | कायम मुल्य प्रति थान | जम्मा कायम मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३६७ | ०७५-८२-००१४ | राजस्व चुहावट | २०७५।९।१८ | राजस्व अनुसन्धान अधिकृत दिब्यराज पोखरेल समेतको प्रतिवेदनले नेपाल सरकार तथा प्रतिवादी विजय कुमार साह | कपडाको लेडिज सानो हेण्ड ब्याग | ३५९ थान | रु.७५।- | रु.२६,९२५।- | |
| | | | | | कडाई अन्यरेसा साडी | ११ पिस | रु.३००।- | रु.३,३००।- | |
| | | | | | रेग्जिन जेन्स पर्स | १३ पिस | रु.२५।- | ३२५।- | |
| | | | | | सानो लेडिज ज्याकेट | ६ पिस | रु.१००।- | रु.६००।- | |
| | | | | | टिसर्ट | ८ पिस | रु.७५।- | रु.६००।- | |

जम्मा मोल रु.३१,७५०।-

१. लिलामद्वारा बिक्री गरिने मिति, समय र स्थानः- २०७७ साल कार्तिक २० गते दिउँसो २:०० बजे देखि ३:०० बजे सम्म यस अदालतको तहसिल शाखा र सो दिन सार्वजनिक विदा पर्न गए सोको भोलिपल्ट सोही समय र स्थानमा हुनेछ ।

२. लिलाममा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले मिति २०७७।७।१९ गते दिउँसो सम्म नेपाली नागरिकताको प्रमाणपत्र, संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत साथै राखी निवेदन दस्तुर रु.१०००।– (एक हजार) फिर्ता नहुने गरी यस अदालतको तहसिल शाखामा बुझाउनु पर्नेछ ।

तहसिलदार
रा.प. तृतीय

३. निवेदन दर्ता नगराई सो मिति समयमा उपस्थित हुने व्यक्ति वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समय सम्मका निवेदन दर्ता नगराउनेलाई लिलाममा सहभागी गराईने छैन ।

४. लिलाममा आफुले कबोल गरेको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौट राख्नु पर्नेछ । लिलाम सम्पन्न हुदाँ सबभन्दा वढी अंक कबोल गर्ने ब्यक्ति वा फर्मको बाहेकको धरौटी सोही दिन फिर्ता गरिनेछ ।

५. डाँक सकार गरि लिनेले ७ दिन भित्र बाँकी रकम दाखिला गरी रकम दाखिला गरेको मितिले १५ दिन भित्र सामान उठाई लैजानु पर्नेछ । ७ दिन भित्र आफुले कबोल गरेको रकम दाखिला नगरेमा १० प्रतिशत रकम कानून बमोजिम जफत हुनेछ ।

६. यस सम्बन्धि थप जानकारी लिनु परे कार्यालय समयभित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिनेछ ।

तहसिलदार
रा.प. तृतीय